# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## झुम्का सुनसरी
## कोशी प्रदेश, नेपाल

प.स.२०८२।८३
च.न. ०३०४८

मितिः २०८३।०२।२२

## सार्वजनिक सूचना

**आँखा सेवा सञ्चालनका लागि कोठा भाडामा उपलब्ध गराउने सम्बन्ध**

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०२/२२)**

झुम्का आधारभूत अस्पतालबाट प्रदान गरिँदै आएको स्वास्थ्य सेवालाई थप प्रभावकारी, गुणस्तरीय तथा नागरिकमैत्री बनाउन अस्पताल परिसरभित्र रहेको कोठामा आँखा सेवा सञ्चालनका लागि भाडामा उपलब्ध गराउने निर्णय भएबमोजिम इच्छुक तथा योग्य संस्था, अस्पताल, आँखा उपचार केन्द्र वा सेवा प्रदायकबाट देहाय बमोजिम सिलबन्दी प्रस्ताव आह्वान गरिन्छ।

**१. कोठाको विवरण**

| क्र.सं. | विवरण | प्रयोजन |
|---|---|---|
| १ | अस्पताल भवनभित्रको २ वटा कोठा | आँखा सेवा सञ्चालन |

**२. प्रस्तावदाताको योग्यता**

**१. प्रचलित कानुन बमोजिम दर्ता भएको संस्था वा कम्पनी हुनुपर्नेछ।**
**२. PAN/VAT दर्ता भएको हुनुपर्नेछ।**
**३. पछिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ।**
**४. आँखा सेवा सञ्चालनका लागि सम्बन्धित निकायबाट स्वीकृति प्राप्त गरेको हुनुपर्नेछ।**
**५. कम्तीमा १ जना नेत्र विशेषज्ञ वा आँखा स्वास्थ्यकर्मी उपलब्ध गराउन सक्ने हुनुपर्नेछ।**

**३. प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजात**

- संस्था दर्ता प्रमाणपत्र
- PAN/VAT प्रमाणपत्र
- कर चुक्ता प्रमाणपत्र
- सेवा सञ्चालन अनुमति पत्र
- संस्थाको प्रोफाइल
- कार्य अनुभव विवरण

प्रमुख प्रशासकिय अधिकृत
रामधुनी नगरपालिका

# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## झुम्का सुनसरी
## कोशी प्रदेश, नेपाल

रामधुनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय झुम्का, सुनसरी कोशी प्रदेश नेपाल

**४. आर्थिक प्रस्ताव**

प्रस्तावदाताले प्रति वर्गफिट मासिक भाडा दर उल्लेख गरी आर्थिक प्रस्ताव पेश गर्नुपर्नेछ।तपसील

| क्र.सं. | विवरण | प्रस्तावित दर (रु./Sq. Ft./महिना) |
|---|---|---|
| १ | आँखा सेवा सञ्चालन कक्ष | |

**५. प्रस्ताव पेश गर्ने अन्तिम मिति**

सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयसम्म।

**६. प्रस्ताव खोल्ने मिति**

अन्तिम मिति समाप्त भएको भोलिपल्ट कार्यालय समयमा।

**७. मूल्याङ्कन आधार**

- संस्थाको अनुभव
- प्राविधिक क्षमता
- सेवा सञ्चालन योजना
- प्रस्तावित भाडा दर
- स्थानीय नागरिकलाई पुग्ने लाभ

**८. सम्झौता अवधि**

कार्यालयको निर्णय बमोजिम हुनेछ ।

**९. विशेष अधिकार**

प्राप्त प्रस्तावहरूमध्ये कुनै वा सबै प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने, सूचना संशोधन गर्ने वा प्रक्रिया रद्द गर्ने सम्पूर्ण अधिकार रामधुनी नगरपालिकामा सुरक्षित रहनेछ।

थप जानकारीका लागि:
झुम्का नगर अस्पताल वा रामधुनी पालिका स्वास्थ्य शाखा
झुम्का, सुनसरी

प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका

प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका

CamScanner